"कृषि, पर्यटन र व्यापार, समृद्ध नमोबुद्धको आधार"

# नमोबुद्ध नगरपालिका

नमोबुद्ध नगरपालिका

ན་མོ་བུདྡྷ་ན་གར་པ་ལི་ཀ

## नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्याः २०८२/०८३
चलानी नं.: ३७१

मितिः २०८२/०६/०७
ने.सं.: ११४५

विषयः शोक विदा सम्बन्धमा

स्थानीय तह घोषणा भए पश्चात् निर्वाचित हुनुभएका नमोबुद्ध नगरपालिकाका प्रथम नगर प्रमुख श्रीमान् टंक प्रसाद शर्माज्यूको आज मिति २०८२/०६/०७ गते विहान ४:०० बजे भएको अवसानको खबरले अत्यन्तै मर्माहत तुल्याएको छ। शोकको यस घडीमा उहाँको आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोक सन्तप्त परिवारजनहरुमा गहिरो समवेदना व्यक्त गर्दछौं।

उहाँले आफ्नो जीवनलाई सदैव जनसेवा, विकास र समाज परिवर्तनमा समर्पित गर्नुभयो। नमोबुद्ध नगरपालिको सर्वाङ्गीण विकास, प्रगति, नागरिकको हित र समृद्ध भविष्य निर्माणमा उहाँले पुऱ्याउनुभएको योगदान सदैव अविस्मरणीय रहिरहनेछ।

शोकको यस दुखद घडीमा प्रथम निर्वाचित नगर प्रमुखको सम्झनामा नगर प्रमुख स्तरीय निर्णयानुसार यस नगरपालिका अन्तर्गतका नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, शैक्षिक संस्था, स्वास्थ्य संस्था लगायत मातहतका सम्पूर्ण कार्यालयहरुमा मिति २०८२/०६/०८ गते शोक विदा दिइएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

(कृष्ण गिरी)
प्रमुख प्रशासकीय अधिकृत